# विहादी गाउँ कार्यपालिकाको मिति २०८३ साल भाद्र ०४ गतेको निर्णय प्रमाणित

**निर्णय नं १ :** विहादी गाउँपालिकाको आ व २०८३।०८४ को स्वीकृत वार्षिक बजेट तथा कार्यक्रममा नवप्रवर्द्धन कार्यक्रम शिर्षकमा विनियोजित बजेट रु ४० लाखलाई देहाय बमोजिका कार्यक्रमहरुमा ब्रेकडाउन गरि कार्यक्रम सञ्चालन गर्ने निर्णय गरियो ।

देहाय :

| क्र स | कार्यक्रम / शिर्षक | लक्षित क्षेत्र / समूह | विनियोजित बजेट रु |
|---|---|---|---|
| १ | साबुन बनाउने तालिम तथा सहयोग | विहादी वडा नं ५ (महिला युवा तथा विपन्न) | ५०००००/- |
| २ | डिटरजेन्ट (साबुन/ पाउडर/ लिक्विड) स्तरोन्नती तालिम | गाउँपालिका स्तर (मौजुदा उद्यमी) | ५०००००/- |
| ३ | सिलाई-कटाई, फेसन डिजाइनिङ तथा बुनाई तालिम | गाउँपालिका स्तर (महिला/एकल महिला/उद्यमी) | ५०००००/- |
| ४ | सिलाई-कटाई, फेसन डिजाइनिङ, बुनाई प्रविधि हस्तान्तरण | गाउँपालिका स्तर (महिला/एकल महिला/उद्यमी) | ५०००००/- |
| ५ | कोदोको रक्सी सम्बन्धी गुणस्तर सुधार उपकरण | परम्परागत उद्यमी | १००००००/- |
| ६ | परम्परागत माटोका सामग्री खरिद | गाउँपालिका स्तर | २०००००/- |
| ७ | गुणस्तर परीक्षण कार्यक्रम | गाउँपालिका स्तर (सबै उत्पादनहरुका लागि) | ५००००/- |
| ८ | ब्यूटिसियन तालिम | गाउँपालिका स्तर | ६०००००/- |
| ९ | अनुगमन, बैठक, तालिम सञ्चालन तथा अन्य प्रशासनिक र आकस्मिक खर्च | गाउँपालिका/ विषयगत शाखा | १५००००/- |
| | **जम्मा** | | ४००००००/- |

**निर्णय नं २ :** विहादी गाउँपालिकाबाट गरिने विभिन्न प्रविधि हस्तान्तरणको कार्यलाई व्यवस्थित बनाउको लागि तयार गरिएको **"विहादी गाउँपालिकाको प्रविधि हस्तान्तरण तथा व्यवस्थापन कार्यविधि, २०८३"** स्वीकृत गर्ने निर्णय गरियो ।

**निर्णय नं ३ :** विहादी गाउँपालिकाको आ व २०८३।०८४ को कृषि विकास शाखाको वार्षिक बजेट तथा कार्यक्रममा **५० प्रतिशत अनुदानमा कृषि यन्त्रिकरण प्रवर्द्धन साझेदारी कार्यक्रम** शिर्षकमा विनियोजित रकम रु २० लाखलाई देहाय बमोजिमका कृषि यन्त्र खरिद तथा वितरणमा विनियोजन गर्ने निर्णय गरियो ।

देहाय :

१. मिनि टिलर : रु १२,००,०००/-

२. कुटानी पिसानी मिल : रु ८,००,०००/-

**निर्णय नं ४ :** भकारो सुधार कार्यक्रमलाई समय सापेक्ष कार्यान्वयन गर्नको लागि विहादी गाउँपालिकाको भकारो सुधार कार्यक्रम संचालन कार्यविधि, २०७९ मा पहिलो संशोधन, २०८३ स्वीकृत गर्ने निर्णय गरियो ।

**निर्णय नं ५ :** संघीय ससर्त कार्यक्रम अन्तर्गत तरकारी पकेट क्षेत्र शिर्षकमा विहादी गाउँपालिकालाई प्राप्त रकम कार्यान्वयनको लागि सूचना प्रकाशन गर्ने निर्णय गरियो ।

**निर्णय नं ६ :** विहादी गाउँपालिकालाई संघीय विशेष अनुदानमा प्राप्त विहादी गाउँपालिकामा हाईटेक टनेल निर्माणको लागि कृषकहरुको २० प्रतिशत लागत साझेदारीमा कार्यक्रम सञ्चालन गर्ने गरि ठेक्का आह्वान गर्ने निर्णय गरियो ।

**निर्णय नं ७ :** चालु आ व २०८३।०८४ को महिला बालबालिका तथा जेष्ठ नागरिक शाखाको बजेट तथा कार्यक्रममा तिज विशेष कार्यक्रम शिर्षकमा विनियोजित बजेटबाट **"समुन्नत विहादीको सपना समृद्ध विहादी निर्माणमा महिलाको भूमिका"** विषयक तिज गित प्रतियोगिता मिति २०८३।०५।२१ गते विहादी गाउँ कार्यपालिकाको कार्यालय परिसरमा गर्ने निर्णय गरियो ।

**निर्णय नं ८ :** डेङ्गु रोग नियन्त्रणकको लागि विहादी गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, वडा कार्यालय तथा स्वास्थ्य चौकीहरुको सक्रियतामा २०८३ साल कार्तिक महिना सम्म लामखुट्टेको लार्भा खोज र नष्ट गर अभियान विहादी गाउँपालिकाको स्वास्थ्य शाखाको सक्रियतामा सञ्चालन गर्ने निर्णय गरियो ।

थमन बहादुर रेश्मी

प्रमुख प्रशासकीय अधिकृत

प्रमाणिकरण मिति : २०८३।०५।०४